लुम्बिनी प्राविधिक विश्वविद्यालय
LUMBINI TECHNOLOGICAL UNIVERSITY
इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थान
Institute of Engineering and Information Technology
डिनको कार्यालय
Office of the Dean


# विश्वविद्यालय अनुदान आयोगद्वारा आह्वान गरिएको छात्रवृत्ति आवेदन फाराम भर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/१२/०८ गते)

यस लुम्बिनी प्राविधिक विश्वविद्यालय, इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थान अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ मा स्नातक तथा स्नातकोत्तर तह प्रथम वर्ष/प्रथम सत्रान्तमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूका लागि विश्वविद्यालय अनुदान आयोग (UGC), सानोठिमी, भक्तपुरबाट उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि आयोगको मिति २०८२/११/२६ गते छात्रवृत्ति आवेदन आह्वान गरिएको हुँदा योग्यता पुगेका इच्छुक विद्यार्थीहरूले मिति **२०८२ चैत्र २५ गते कार्यालय** समयभित्र ugcnepal.edu.np/ मा भएको उच्च शिक्षा छात्रवृत्तिमा Click गरी वा ugc.pathway.com.np/login मा अनलाइन आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धमा विस्तृत जानकारीका लागि आयोगद्वारा प्रकाशित सूचना (संलग्न) अध्ययन गर्नुहुन सूचित गरिन्छ।

**पुनश्चः** छात्रवृत्तिका लागि आवश्यक योग्यता, मापदण्ड तथा पेश गर्नुपर्ने कागजातहरू विश्वविद्यालय अनुदान आयोग (UGC) द्वारा प्रकाशित सूचना बमोजिम नै लागू हुनेछ।

...............
डा. निरज के.सी.
डिन

# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## उच्चशिक्षामा छात्रवृत्तिका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/२६ गते

विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि २०८२ तथा उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०८० (प्रथम संशोधन) अनुरुप उच्च शिक्षामा पहुँच अभिबृद्धिका लागि अपाङ्गता भएका, आर्थिक रूपले विपन्न, दलित, मुस्लिम महिला, शहीद तथा द्वन्द्व पीडितका सन्तति र मुक्त कमलरी विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अनुरुप न्यूनतम योग्यता पूरा गरेका आर्थिक वर्ष २०८२/०८३ मा स्नातक/स्नातकोत्तर तह प्रथम वर्षमा भर्ना भई अध्ययनरत इच्छुक विद्यार्थीहरुबाट यही २०८२ चैत्र २५ गते कार्यालय समयभित्र छात्रवृत्ति सम्बन्धी दरखास्त फाराम आयोगको वेवसाइट www.ugcnepal.edu.np मा भएको **उच्च शिक्षा छात्रवृत्ति** मा Click गरी वा ugc.pathway.com.np मा Online माध्यमबाट फारम भरी निम्नानुसारका आवश्यक कागजात तथा सिफारिश पत्र समेत Upload गर्नु हुन जानकारी गराइन्छ ।

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको रसिद

(३) **अनुसूची २**

(४) स्नातक तहका लागि कक्षा १२ वा सो सरहको ट्रान्सक्रिप्ट र स्नातकोत्तर तहका लागि स्नातक तहको ट्रान्सक्रिप्ट प्रतिलिपि

(५) खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि (राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक )

(६) वर्ग अनुसार प्रमाणपत्र /सिफारिस पत्र :

(क) शहीद वा द्वन्द्व पीडितका छोराछोरी

(ख) अपाङ्गता (अपाङ्गताको वर्ग खुलेको हुनुपर्ने)

(ग) दलित

(घ) मुक्त कमलरी

(ङ) मुस्लिम महिला

(च) आर्थिक रूपले विपन्न

आयोगबाट छात्रवृत्तिका लागि छनौट भइ पहिलो, दोस्रो वा तेस्रो किस्ता प्राप्त गरेका विद्यार्थीले निम्नानुसार कागजातहरु अनिवार्य Upload गरी बाँकी रहेको किस्ता प्राप्तिका लागि छात्रवृत्ति नविकरण गर्नुहुन जानकारी गराइन्छ

(१) **अनुसूची-५**

(२) प्रगति विवरण (लब्धाङ्क पत्र)

क) स्नातक तह वार्षिक प्रणाली अन्तर्गतका विद्यार्थीको हकमा दोस्रो किस्ताका लागि प्रथम वर्षको परीक्षामा समावेश भएको प्रवेश पत्र, तेस्रो किस्ताको लागि प्रथम वर्षको नतिजा, चौथो किस्ताको लागि दोस्रो वर्षको नतिजा

ख) स्नातक सेमेष्टर प्रणाली अन्तर्गतका विद्यार्थीको हकमा दोस्रो किस्ताको लागि दोस्रो सेमेष्टरको प्रवेश पत्र, तेस्रो किस्ताको लागि दोस्रो सेमेष्टरको नतिजा र चौथो किस्ताको लागि चौथो सेमेष्टरको नतिजा

ग) स्नातकोत्तर तहको हकमा दोस्रो किस्ताको लागि प्रथम सेमेष्टरको नतिजा

(३) खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि

पुनश्च : (१) छात्रवृत्तिको उमेरहद स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष ननाघेको । शहीद वा द्वन्द्व पीडितका छोराछोरी र अपाङ्गता भएका विद्यार्थीका लागि उमेरहद लागु हुने छैन ।

(२) अघिल्लो वर्ष छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले नयाँ आवेदन पेश गरेमा सो आवेदन मान्य हुने छैन ।

(३) तोकिएको अन्तिम मिति पछि प्राप्त भएका वा आवश्यक कागजातहरु संलग्न नभएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।

४) आयोगबाट एकै तहमा अध्ययनका लागि कुनै पनि विद्यार्थीलाई दोहोरो छात्रवृत्ति उपलब्ध गराइने छैन ।

**विस्तृत जानकारीका लागि**

छात्रवृत्ति शाखा

विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

फोन नः ०१६६३८५४९, ६६३८५५०, ६६३८५५१ (एक्स्टेन्सन नं. १२२, १२३)

इमेलः scholarship@ugcnepal.edu.np

वेवसाइटः www.ugcnepal.edu.np